# देवनारायण यादवको गिरफ्तारी र सार्वभौमसत्ताको प्रश्न

सप्तरी जिल्ला तिलाठी गाउँपालिका-४ का देवनारायण यादवलाई २०७४ असोज १४ गते भारतीय सुरक्षाकर्मीले सीमावर्ती भारतीय बजार कुनौलीबाट गिरफ्तार गर्‍यो । उनका छोरा अजयकुमारलाई दसैँको टिकाको दिन (असोज १४ गते) भारतको सुनौलीमा लाग्ने मेला हेर्न गएका बेला भारतीय प्रहरीले अपहरणको आरोपमा उनका अन्य तीन जना साथीहरूसहित गिरफ्तार गरेको थियो ।



छोरा गिरफ्तार भएको घटना बारे बुझ्न गएका देवनारायणलाई पनि भारतीय प्रहरीले गिरफ्तार गरेको थियो । गिरफ्तार भएका अन्यलाई सामान्य सोधपुछपछि भारतीय प्रहरीले रिहा गरेको भए पनि बाबु छोरालाई भने प्रहरीले रिहा गरेको छैन । उनीहरू दुवैजनालाई बिहारको सुपौल जिल्लामा रहेको विरपुर जेलमा राखिएको छ ।

गत जेठ २० गते भारतीय युवती ज्योतिकुमारीलाई देवनारायणका छोराले अपहरण गरी विवाह गरेको भन्दै युवतीका आफन्तले उजुरी दिएका थिए । सोही उजुरीका आधारमा भारतीय क्षेत्रमा गएका बेला देवनारायणका छोरालाई गिरफ्तार गरिएको र छोरा छुटाउन भन्दै गएका बाबुलाई पनि प्रहरीले नियन्त्रणमा लिएको सप्तरीका एसपी मुकेश सिंहले बताए । तर, अपहरणमा परेको भनिएकी ज्योतिकुमारीले आफू अपहरणमा नपरेको र अजयकुमारसँग विवाह गरेर आएको अभिव्यक्ति सार्वजनिक गरेकी छन् । देवनारायणकी बुहारी ज्योतीकुमारी साह भन्छिन्- *'किसिके मर्जीसे यहाँ नइ आएँ अपने मर्जीसे आएँ । और यहाँ हम अच्छि तरहसे रह रहें हैं । मेरा हस्बेण्ड और मेरा ससुरजी पर लगाए इन्जाम गलत हैं ।'*[१]पछिल्लो समाचार अनुसार ज्योतिकुमारीका माइतीपक्षले प्रस्तुत गरेको उनको आधार कार्ड अनुसार उनको उमेर १८ वर्ष पूरा भएको छ ।[२] अर्थात् कानुन बमोजिम प्रेम विवाह गर्न उनी सक्षम छिन् ।

सप्तरीको तिलाठीमा २०७३ साल साउन १६ गते भारतले अतिक्रमण गरी दशगजामा बाँध बाध्न खोज्दा भएको आन्दोलनको नेतृत्व देवनारायण यादवले गरेका थिए । यसै प्रकरणसँग यादवको गिरफ्तारीलाई जोडेर हेरिएको छ । सो घटनापछि यादवलाई भारतीय प्रहरीले निगरानीमा राख्दै आएको थियो ।[३] उनीमाथि अहिले अपहरणको झुठो आरोपमा मुद्दा लगाइएको स्थानीयको दाबी छ । तिलाठीका बासिन्दाले भने यसलाई भारतीय अतिक्रमणको विरोध गर्दै आएका यादवलाई फसाउन खोजिएको बताएका छन् ।[४]

**गिरफ्तारीको विरोध**




भारतीय प्रहरीले यादवलाई गिरफ्तार गरेको विरोधमा विभिन्न विद्यार्थी सङ्गठनले असोज १६ गते सोमबार काठमाडौँस्थित भारतीय दूतावास अघिल्तिर प्रदर्शन गरेका छन् । संयुक्त विद्यार्थी सङ्गठनका नेता कार्यकर्ताले यादव र उनका छोरालाई तत्काल रिहाइ गर्न माग गरेका थिए ।

---

१. https://www.youtube.com/watch?v=yXHrk9Ui0Jo
२. http://kantipur.ekantipur.com/printedition/news/2017-10-04/20171004081353.html
३. https://nepalkhabar.com/np/news/community/23782/
४. https://www.youtube.com/watch?v=yXHrk9Ui0Jo

यसैगरी, यादवको बिना सर्त रिहाइका लागि पहल गर्न माग गर्दै मानव अधिकारकर्मी तथा नागरिक समाजका प्रतिनधिले असोज १७ गते काठमाडौँमा प्रदर्शन गरेका छन् ।[५]



यादवको गिरफ्तारीका बारेमा नेपाल सरकारको आधिकारिक धारणा सार्वजनिक भएको छैन । न त सरकारले कुटनीतिक माध्यमबाट घटनाबारे सरोकार नै राखेको छ ।

नेपाल र भारत दुवै भियना महासन्धिका पक्षराष्ट्र हुन् । अतः यस्तो द्विपक्षीय मामिलामा अर्को देशका कन्सुलरलाई सुसूचित गरिएको हुनुपर्छ । यो मामिलामा भारत सरकारले नेपाल सरकारलाई कुनै पनि औपचारिक जानकारी गराएको छैन ।

यादवलाई भारतीय सुरक्षाकर्मीले गिरफ्तार गरेको विरोधमा विभिन्न राजनीतिक दलका नेताहरूले सामाजिक सञ्जाल फेसबुक र ट्वीटरमार्फत निन्दा गरेका छन् । उनीहरूले यादवलाई तत्काल रिहा गर्न पहल गर्न सरकारसँग माग गरेका छन् ।

माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठले फेसबुकमा- 'सीमा अतिक्रमण र अन्यायपूर्ण बाँध निर्माणको विरुद्ध तिलाठी सङ्घर्षका अगुवा देवनारायण यादवको भारतमा पक्राउ किन ? सरकारले तत्काल आवश्यक पहल गरोस् भनी लेखेका छन् ।'

यस्तै एमाले सचिव योगेश भट्टराईले फेसबुकबाटै लेखेका छन्- 'सप्तरी तिलाठीका देवनारायण यादव नेपाली राष्ट्रियता तथा देशभक्तिपूर्ण आन्दोलनका एक खम्बा र नायक हुन । उनलाई भारतीय सुरक्षाकर्मीले बिनाकारण गिरफ्तार गरेको समाचारले मलाई दुःख लागेको छ । सीमानामा नेपालीहरू माथि भइरहेका यस्ता ज्यादतीको आम नेपालीहरूले निन्दा गर्नुपर्दछ । देवनारायण यादव सहित् गिरफ्तार नेपालीहरूलाई तत्काल रिहा गर्न नेपाली जनतासमक्ष माफी माग्न भारतीय पक्षको गम्भीर ध्यानाकर्षण गर्दछु ।'

**को हुन् देवनारायण ?**



सप्तरी जिल्लाको तिलाठी-४, निवासी देवानारायण यादवले भारतको बिहार राज्य अर्न्तगत सुपौल जिल्लाको कुनौली गाउँ पञ्चायतका नागरिकले नेपालतर्फको दशगजा (तिलाठी) मिचेर बनाउँदै गरेको बाँध निर्माण असफल बनाउने कार्यको नेतृत्व गरेका थिए ।
भारतीयहरुले बाँध निर्माण गर्न थालेको खबर तिलाठीमा फैलिएपछि देवनारायणको अगुवाइमा सीमामा जम्मा भएका नेपाली ले २०७३ साउन १६ गते बाँध बाध्न अवरोध गरेका थिए । नेपालीको प्रतिकारपछि बाँध बाध्ने कार्य भारतीय पक्षले स्थगन गरेको थियो । सो क्रममा भएको झडपका क्रममा यादव लगायत ८ जना नेपाली घाइते भएका थिए ।

२०७४ असोज १८ गते

---

५. http://inseconline.org/en/news/demonstration-against-the-arrest-of-dev-narayan-chaudhary-by-indian-security-force/